(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ

२०७३

गण्डकी प्रदेश, नेपाल ।

प.सं. : २०८२/०८३

च.नं. :

मितिः२०८२/०७/२८

ने.सं.: ११४६ कछलागा दशमी, शुक्रबार

## १५ महिने प्राविधिक तालिम सञ्चालन हुने सम्बन्धी सुचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/७/२८)**

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लमजुङको चालु आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम तथा नगर कार्यपालिका बैठकको निर्णयानुसार प्राविधिक शिक्षाप्रति लगाव भएका तर विभिन्न कारणले अध्ययन गर्ने अवसर नपाएका युवाहरुलाई लक्षित गरी देहाय वमोजिमको १५ महिने प्राविधिक तालिम लमजुङ सीप विकास प्रतिष्ठान, गैरी क्याम्पससंगको साझेदारीमा सञ्चालन गरिने हुँदा बेसीशहर नगरपालिकाभित्र स्थायीरुपमा बसोबास गर्ने इच्छुक व्यक्तिहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायको विवरण अनुसार बेसीशहर नगरपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा आवेदन फारम भर्नको लागि सूचित गरिन्छ ।

**देहायः**

तालिमको नामः सिभिल कन्ट्रक्सन टेक्निसयन र इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक टेक्निसियन तह-२

अवधीः १५ महिने

आवश्यक संख्याः १०(दश) जना । (पुरुष र महिला दुवै गरी)

शिक्षण शुल्कः नगरपालिकाबाट व्यहोरिने ।

आवेदकको उमेरः १६ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

न्यूनतम शैक्षिक योग्यताः कक्षा ८ उतिर्ण भएको

**आवेदन फारम साथ संलग्न राख्नु पर्ने कागजातहरु तथा थप जानकारी**

१.आवेदन फारम सम्बन्धित वडा तथा नगरपालिकाको कार्यालयबाट निःशुल्क उपलब्ध हुनेछ ।

२.आवेदन फारमसाथ नेपाली नागरिकताको प्रतिलिपी र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी सम्बन्धित वडा वा नगरपालिकामा तोकिएको अवधिभित्र आवेदन फारम पेश गर्नुपर्नेछ ।

३.प्रशिक्षार्थी छनौट अन्तर्वार्ताबाट गरिनेछ । अन्तर्वार्ता हुने मिति, स्थान र समय पछि जानकारी गराइनेछ ।

४. तालिम कार्यक्रम बेसीशहर नपा-२ स्थित लमजुङ सीप विकास प्रतिष्ठान, गैरी क्याम्पसमा सञ्चालन हुनेछ ।

५.सफलतापूर्वक तालिम लिई सीप परीक्षण उतिर्ण भए पश्चात रोजगारीका लागि समेत पहल गरिनेछ ।

सुमन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

.....................

सुमन अधिकारी

प्रमुख प्रशासकीय अधिकृत